**आय अनुमान :**

आ.व.२०७४/७५ को लागि रु ३१ करोड ३३ लाख ९८ हजार १३८ रुपौया १४ पौसा आय अनुमान गरिएको छ । जसमध्ये आन्तरिक स्रोत रु १ करोड ५३ लाख ५० हजार रहेको छ र अल्या रकम ९१ लाख ८३ हजार १३८ रुपौया १४ पौसा रहेको छ । वित्तीय समानीकरणतर्फ १५ करोड १५ लाख ३० हजार अनुदान, नेपाल सरकार सशर्त अनुदान रु ११ करोड ८ लाख ३५ हजार र सामाजिक सुरक्षा तर्फ २ करोड ६५ लाख अनुमान गरेको ।

**व्यय अनुमान :**

आर्थिक वर्ष २०७४/७५ को लागि कूल रु ३१ करोड ३३ लाख ९८ हजार १३८ रुपौया १४ पौसा व्यय अनुमान गरिएको छ । जसमध्ये प्रशासनिक तथा कार्यक्रम खर्चतर्फ २ करोड ७७ लाख ८८ हजार १३८ रुपौया १४ पौसा विनियोजन गरिएको छ । त्यसै गरी सशर्त पूँजीगत अनुदान कार्यक्रम शिक्षा, कृषि, पशु, स्वास्थ्यतर्फ रु ११ करोड ८ लाख ३५ हजार विनियोजन गरिएको छ । त्यसैगरी विकास खर्चतर्फ कार्यालय भवन, वडा कार्यालय भवन निर्माण, फर्निचर खरिद, मेशिनरी औजार खरिद लगायत पूँजीगत शीर्षकमा १करोड १६ लाख विनियोजन गरिएको छ ।

उपरोक्त नीति, कार्यक्रम तथा बजेटमाथि यस गाउँसभामा उपस्थित हुनु भएका अतिथिज्यूहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । गाउँको उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरुलाई केन्द पठाइनेछ । गाउँको समष्टिगत विकासको लागि सहयोग पुऱ्याउन हुने राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालयलगायत विकास साझेदार संस्थाहरुसँग गाउँपालिकाको प्राथमिकताका आधारमा आवश्यक बजेट विनियोजना गरिदिनु हुन हार्दिक आग्रह गर्दछु ।

आ.व.२०७४/७५ को वार्षिक योजना तर्जुमा गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने राजनैतिक दलका प्रतिनिधिज्यूहरु, राजश्व परामर्श समितिका सदस्यूहरु, साझेदार संस्थाहरु, गैससहरु, पत्रकारहरु, निजी क्षेत्र, सम्पूर्ण संघसस्था लगायत योजना तर्जुमा अहोरात्र खट्ने गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो कार्यव्यस्तता भएतापनि उपस्थित भई गाउँसभाको गरिमा बढाई दिनु हुने अतिथिज्यूहरुमा विशेष आभार प्रकट गर्दछु । स्थापनाकालको करिव ४ महिना भएको गाउँपालिकाले सबैका मागलाई सम्बोधन गर्न सक्दैन, सिमित स्रोत साधन र जनशक्तिको सिमिततालाई ध्यान दिदै रचनात्मक सुझाव दिन, गलत कदम उपर समयमै खवरदारी गर्न र राम्रा कार्यहरुलाई प्रशंसा गर्न आग्रह गर्दछु । अन्तमा योजना, नीति, कार्यक्रम, बजेट तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने यहाँहरु सबैलाई आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु ।